दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३३ | बुटवल | २०८१ माघ १४, गते सोमबार | नेपाल संवत ११४५ | Monday Jan 27 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# महिला जनप्रतिनिधिको भूमिका खोस्छन् पुरुष

**राधिका भुसाल**
*प्यूठान*



स्थानीय मात्र होइन प्रदेश तहका महिला जनप्रतिनिधिहरु जिम्मेवारी अनुसार काम नपाएको गुनासो गर्छन् । स्थानीय तहभन्दा प्रदेश तहको समस्या अलग रहेको उनीहरुको तर्क छ । धेरै महिला सांसद नप्रतिनिधि समानुपातिक प्रणालीबाट आएका छन् । अधिकांश पुरुष सांसदहरु प्रत्यक्ष निर्वाचनबाट आएका छन् ।

प्रत्यक्ष निर्वाचन प्रणाली होस् या समानुपातिक प्रणाली दुवैले समान अवसर र स्थान पाउनु पर्ने हो । तर, प्यूठानबाट लुम्बिनी प्रदेशको समानुपातिक सांसदमा निर्वाचित सांसद धनलक्ष्मी श्रेष्ठले महिला भएकै कारण समानुपातिकबाट प्रदेश सभामा गएका जनप्रतिनिधिलाई हेलाहोचो गरेको बताइन् । 'लुम्बिनी प्रदेश सरकारले हरेक वर्ष प्रत्यक्ष निर्वाचित सांसदलाई २ करोड रुपैयाँ बराबरका योजना छान्न दिन्छ, तर समानुपातिक सांसदलाई जम्मा एक करोड मात्र,' धनलक्ष्मीले बेली भनिन्- 'एक करोड रकम पाउन पनि हामीले धेरै विद्रोह गर्नुपरेको थियो ।'

लुम्बीनी प्रदेशमा प्रत्यक्ष प्रणालीतर्फ १ जना र समानुपातिकतर्फ ३२ जना गरी ३३ जना महिला संसाद रहेका छन् । सातवटै प्रदेशमा प्रत्यक्ष प्रणालीअन्तर्गत ३३० सिटमध्ये १४ जनामात्रै महिला उम्मेदवारले जितेका थिए ।

सांसद धनलक्ष्मीले आफ्नो क्षेत्रमा थुप्रै योजना तथा कार्यक्रमहरु माग गरे पनि महिला भएकै कारण बजेटमा नपारिएको गुनासो गरिन् । दयनीय अवस्थामा रहेको प्यूठान जिल्ला कारागार भवन निर्माण, समुदायमा दुर्व्यसन, हिंसा र अपराध न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रमको योजना पेश गरेको, तर कुनै योजनामा बजेट विनियोजन नभएको उनको गुनासो छ । आफूले राखेका योजना नपरेपछि उनी प्रदेशसभा भवनमा सम्बोधनकै क्रममा भक्कानिएकी थिइन् ।

धनलक्ष्मी प्रदेशसभामा पनि महिला र पुरुष सांसदबिच भेदभाव हुने गरेको बताउँछिन् । प्रदेशसभालाई सम्बोधन गर्ने क्रममा पनि पुरुषलाई दिइने समयभन्दा महिलालाई दिइने समय छोट्याउने गरेको उनले दाबी गरिन् । 'यो पुरुषप्रधान देश हो, हरेक कुरामा पुरुषकै हालीमुहाली हुने गर्छ, संसदमा बोल्ने क्रममा पनि महिलालाई भन्दा पुरुषलाई बढी समय दिइन्छ, यो पनि विभेद नै हो ।'- धनलक्ष्मीले सुनाइन् । यो विभेद कर्मचारीतन्त्रसम्म भएको उनको अनुभव छ । कतिपय कर्मचारीहरुले पनि एउटै हैसियतको महिला सांसद र पुरुष सांसदलाई धेरै फरक व्यवहार देखाउने उनले दाबी गरिन् । 'संविधानले निर्णायक ठाउँमा जाने र नेतृत्व गर्ने अवसर त दियो । राज्यका संरचनामा भएको पुरुष मानसिकताले महिलाको नेतृत्वलाई कमजोर ठान्न छोडेन । यही कारण समान पदमा पनि असमान जिम्मेवारी दिने र महिला जनप्रतिनिधिलाई कमजोर बनाउने गरिएको छ,' सांसद धनलक्ष्मीले भनिन्-'महिला जनप्रतिनिधिले अब विद्रोह गरेरै भए पनि जिम्मेवारी लिने र आफ्नो स्थान बनाउँदै क्षमता विकास गर्नुपर्ने अवस्था छ ।'

जिल्लाभित्रको स्थानीय तह हेर्ने जिम्मा पाएको जिल्ला समन्वय समितिमा प्रमुख र उप-प्रमुखमध्ये एक महिला हुने व्यवस्था छ । तर प्यूठान जिल्ला समन्वय समिति उप-प्रमुख दुर्गा रेग्मीले महिलाको काम र नेतृत्वमा पाइलै पिच्छे प्रश्न गरिने बताइन् । 'दिगो रुप दिने गरी महिलाहरुको क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम गर्न लुम्बिनी प्रदेशका लागि एउटै योजना लगेका थिए, तर व्यवास्था भएको छैन,' उनले भनिन्-'अरुले लगेका विकास निर्माणका योजनाहरु रातोकिताबमा आएका छन् ।' उप-प्रमुख रेग्मीले हरेक क्षेत्रमा उत्तिकै क्षमता भएपनि पुरुष प्रधान समाज भएका कारण महिलाले गरिने नेतृत्वलाई विश्वास नगर्ने उप-प्रमुख रेग्मीले बताइन । 'वडा सदस्यदेखि सांसद तथा मन्त्रीसम्मलाई काम गर्न सहज छैन,' रेग्मीले भनिन्-'पुरुषको दबाब जहाँ पनि छ, सकेसम्म आफूले प्रतिकार गरेर आफ्नो जिम्मेवारी लिनुपर्छ ।'

**उपाध्यक्षका योजनाहरू ओझेलमा**

स्थानीय सरकार सञ्चालन ऐनले योजना अगुगमनको जिम्मा उपाध्यक्ष वा उप-प्रमुखलाई दिएको छ । तर, नौबहिनी गाउँपालिकाकी उपाध्यक्ष विस्ना थापाले कतिपय योजना अगनुगमन गर्न समेत पाउँदिनन् । 'कुनै योजनाहरु अगुगमन कहिले कसरी हुन्छ थाहा हुँदैन । गाउँपालिकाका कतिपय योजनाहरु अनुगमनमा जाँदा मलाई नै सहभागी नगराई सिधैं भुक्तानी प्रक्रियामा लगिने गरिएको छ,' उनले भनिन्-' 'धेरै कार्यक्रमहरु अध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृतले नै समन्वय गर्नुहुन्छ । गैरसरकारी संस्थाका के-के काम कहाँ छन्, मलाई जानकारीसम्म हुन्न ।'

योजना तर्जुमा समितिको संयोजक मात्र होइन वार्षिक बजेट पढ्ने व्यक्ति पनि उपाध्यक्ष वा उप-प्रमुख हुन् । तर, नौबाहिनीका उपाध्यक्ष विस्ना थापा आफूले ल्याएका कार्यक्रम र योजनाहरु स्वीकृत नहुने र बजेट विनियोजन नहुने गुनासो गर्छिन् । 'महिलाको क्षमता विकास, नेतृत्व विकास, सशक्तिकरण जस्ता धेरै कार्यक्रम तथा योजनाहरु बनाएकी थिएँ,' उपाध्यक्ष थापाले भनिन्-'ति कार्यक्रमहरुको लागि बजेट विनियोन नै भएन ।' उपल्लो नेतृत्वले ल्याएका हरेक काम तथा योजनाहरुलाई हामीले सहयोग गर्ने गर्छौं, तर हामीले ल्याएका कार्यक्रम, योजनाहरुलाई बेवास्था नै गरिएको उपाध्यक्ष थापा बताउँछिन् ।

स्वास्थ्य क्षेत्रतर्फ अनमी पदमा बसेर १३ वर्ष सरकारी सेवा गरेकी थापालाई काम गर्ने अनुभव नभएको होइन । जिम्मेवारी नदिएका कारण काम गर्न नपाएको उनको दुखेसो छ । आफ्नै जिम्माको काम गर्न नपाएपछि उनले गाउँपालिकाका अध्यक्ष दिलबहादुर थापासँग पटक-पटक गुनासो समेत पोख्ने गर्छिन् ।

» बाँकी ३ पेजमा

## रविलाई एक करोड धरौटीमा छाड्न आदेश



भैरहवा । पूर्व उप-प्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई १ करोड धरौटीमा छाड्न आदेश दिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं गोर्खा मिडिया नेटवर्क प्रालिका पूर्वप्रबन्ध निर्देशक लामिछानेलाई जिल्ला अदालत रुपन्देहीले धरौटीमा छाड्न आदेश गरेको हो ।

बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा लामिछानेविरुद्ध दर्ता भएको सहकारी ठगी र संगठित अपराध मुद्दाको बिहीबारदेखि सुरु भएको थुनछेक बहस आइतबार सकिएपछि अदालतले सो आदेश गरेको हो ।

जिल्ला अदालत रुपन्देहीका न्यायाधीश प्रल्हादकुमार योगीको इजलासले मुद्दाको प्रतिवादी लामिछानेलाई एक करोड रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको जिल्ला अदालत रुपन्देहीका श्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले बताए ।

लामिछाने धरौटी बुझाएपछि रिहा हुनेछन् । आइतबार थुनछेकको जवाफी बहस जिल्ला सरकारी वकिल कार्यालयको तर्फबाट जिल्ला न्यायाधिवक्ता प्रेमराज पौडेल र जाहेरवालाको तर्फबाट अधिवक्ता रमनकुमार कर्णले गरेका थिए ।

उनीहरुले जाहेरी दरखास्तहरु, जीसीएस बैंकिङ सफ्ट्वेयर प्रणाली, सहकारीको डे बुक, आन्तिरक बैंक भौचर, बैंक स्टमेन्टलगायत तत्काल प्राप्त प्रमाणको आधारमा प्रतिवादीलाई पूर्पक्षका लागि थुनामा राखेर मुद्दाको प्रक्रिया अगाडि बढाउन आदेशको माग गरेका थिए ।

सरकारी वकिलहरूले लामिछाने बाहिर रहँदा पीडितहरूको न्याय प्रभावित हुने भन्दै थुनामा पठाउनुपर्ने जिकिर गरेका थिए भने लामिछाने पक्षका वकिलहरूले भने राज्यले प्रतिशोध साँधेको तर्क गरेका थिए ।

लामिछानेका तर्फबाट वरिष्ठ अधिवक्ता रमण श्रेष्ठ, पशुपति भण्डारी, नारायण कँडेललगायतले बहस गर्दै सहकारी सञ्चालक समितिमा नै नरहेको र अन्यले अपचलन गरेको रकमको जिम्मा आफ्नो पक्षको नहुने भएकोलगायत विषय राख्दै साधारण तारेखमा राखेर मुद्दाको पूर्पक्षको आदेशको माग गरेका थिए ।

गत माघ ६ जिल्ला सरकारी वकिल कार्यालयले पूरक अभियोग पत्रबाट लामिछानेसहित २२ जनाविरुद्ध अदालतमा मुद्दा दर्ता गरेपछि माघ ९ गते लामिछाने अदालतमा हाजिर भएका थिए । सुप्रिम सहकारीको रकम ठगी प्रकरणमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण छुट्टाछुट्टै मुद्दामा ४२ जनालाई प्रतिवादी बनाइएको छ । यी प्रतिवादीहरूबाट कूल एक अर्ब ४३ करोड ८६ लाख २ हजार एक सय ३५ रुपैयाँ माग दाबी गरिएको छ ।

प्रहरीले सुप्रिम सहकारीबाट १४ करोड २९ लाख रुपैयाँभन्दा बढी रकम गोर्खा मिडिया नेटवर्क प्रालिमा गएको र २ करोड रुपैयाँ लामिछानेको नाममा ऋण गएको भेटिएको बताएको थियो ।

उनी यसअघि पोखराको सूर्यदर्शन सहकारी प्रकरणमा कास्कीमा ६५ लाख र कालिमाटीको स्वर्णलक्ष्मी सहकारी प्रकरणमा काठमाडौँमा ६० लाख धरौटी बुझाएर छुटेका थिए ।

बुटवलपछि उनले चितवन र पर्सा अदालतमा बयान दिन जान बाँकी छ । ती जिल्लाबाट पनि पक्राउ पुर्जी जारी गरेपछि चितवन र पर्सा दुवैमा सरकारी वकिलसमक्ष बयान दिइसकेका छन् ।

## बेचन झाको कागजात मगाउन आदेश



बुटवल । भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका बेचन झाको कागजात मगाउन सर्वोच्च अदालतले आदेश जारी गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय सारंगा सुवेदी र नित्यानन्द पाण्डेको इजलासले 'अन्य' आदेश जारी गरेको हो ।

झाले आफूलाई पुर्पक्षका लागि थुनामा राख्ने निर्णय बदर हुनुपर्ने माग गर्दै सर्वोच्चमा रिट निवेदन दिएका थिए । उक्त रिटमाथि सुनुवाइ गर्दै सुवेदी र पाण्डेको इजलासले कागजात मगाउने आदेश गरेको हो ।

झाले भुटानी शरणार्थीसम्बन्धी मन्त्रिपरिषद्बाटै निर्णय गराउने भन्दै रकम असुल गरेको आरोप लागेको थियो ।

उनलाई प्रहरीले भारतबाट पक्राउ गरेर ल्याएको थियो । अहिले उनी सुन्धारास्थित केन्द्रीय कारागारमा थुनामा छन् ।

राष्ट्रिय खोप कार्यक्रम
पाठेघरको मुखको क्यान्सर विरुद्धको
एच.पि.भी. खोप अभियान २०८१
माघ २२ गतेदेखि २८ गतेसम्म जिल्लामा संचालन हुने




कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीहरूलाई मुख्यतः विद्यालय केन्द्रित खोप केन्द्रहरूबाट एच.पि.भी. खोप दिईदैछ ।

थप जानकारीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पैसा नलाग्ने हेल्लो हेल्थ कल सेन्टर ११११५ वा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

अनुरोधक:
स्वास्थ्य कार्यालय नवलपरासी, ब.सु.प.

"आर्थिक समृद्धिका लागि उद्योग र व्यापार : कालीगण्डकी उपत्यका विकासको आधार"
चौथो रामपुर महोत्सव तथा व्यापार मेला-२०८१
(माघ १५ गतेदेखि २७ गतेसम्म)
रामपुर नगरपालिका वडा नं.-५, बेझाँड बजार, पाल्पा
(श्री रामतुलसी माध्यमिक विद्यालयको खेल मैदान)

हार्दिक-निमन्त्रणा

प्रकृतिको सुन्दर र मनोरम छटाले भरिपूर्ण कालीगण्डकी उपत्यका भित्रको रामपुर नगरको पहिचानलाई व्यापक बनाउँदै यस सेरोफेरोको गाउँबस्ती, नगर, शहरबजार क्षेत्रको उद्योग, व्यापार, व्यवसाय, शिक्षा, स्वास्थ्य, कृषि, आधुनिक सूचना तथा सञ्चार प्रविधि, यातायात, पर्यटकीय क्षेत्रको पहिचान र पर्यटन प्रवर्द्धनसहित आर्थिक, सामाजिक, सांस्कृतिक समुन्नति र आधारभूत विकास प्रक्रियालाई टेवा पुऱ्याउने उद्देश्यले "आर्थिक समृद्धिका लागि उद्योग र व्यापार : कालीगण्डकी उपत्यका विकासको आधार" भन्ने मूल नारा बोकेर आयोजना गरिएको चौथो रामपुर महोत्सव, कृषि प्रदर्शनी तथा व्यापार मेला २०८१ माघ १५ देखि २७ गतेसम्म संचालन गरिने मेला महोत्सवमा यहाँहरुको गरिमामय उपस्थिति र सहभागिताका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

महोत्सवका आकर्षकहरू
- ३०० भन्दा बढी व्यापारिक प्रदर्शनी तथा बिक्रीकक्ष (स्टल)हरु ।
- प्रतिष्ठित उद्योग, बहुराष्ट्रिय कम्पनीबाट उत्पादित प्रविधियुक्त गुणस्तरीय वस्तुहरुको प्रदर्शनी ।
- सबै उमेर समूहका लागि रमाइला, आकर्षक, मनमोहक खेल उद्यान ।
- हेलिकप्टर/प्याराग्लाइडिङ/प्यारामोटरबाट मनोरम दृश्यहरुको अवलोकन ।
- Bubbles Under water fish tunnel को मनोरम दृश्यहरुसहित रमाउन पाइने ।
- चौथो रामपुर डान्स आइडल र लोकदोहोरी प्रतियोगिता ।
- ख्याति प्राप्त राष्ट्रिय तथा स्थानीय कलाकारहरुको रमाइला र रोचक प्रस्तुति ।
- अन्तर क्लब स्तरीय खुल्ला पुरुष भलिवल प्रतियोगिता ।
- स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुपंक्षीजन्य सामग्री तथा वस्तुको प्रदर्शनी र बिक्री ।
- स्थानीय घरेलु तथा साना उद्योग एवम् महिला उद्यमीबाट उत्पादित वस्तुको प्रदर्शनी र बिक्री ।
- विभिन्न जातजाति विशेष र समुदायका खानाका परिकार तथा अन्य रेष्टुरेण्टका स्टलहरु ।
- राष्ट्रिय तथा स्थानीय स्तरमा रहेका विभिन्न जात जातिका लोपोन्मुख कला संस्कृतिको प्रदर्शनी ।
- रामपुर लगायत कालीगण्डकी उपत्यकाका विभिन्न प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको फोटो तथा भिडियो डकुमेन्ट्री प्रदर्शनी ।
- साथमा विविध रमाइला र रोचक कार्यक्रमहरुको प्रस्तुती रहनेछ ।

प्रवेश टिकट रु १००/- मात्र
सहुलियत टिकट रु. ५०/-*
विशेष पास टिकट रु.१,०००/-
सुनौलो कुर्सी टिकट रु.२,५००/-

महोत्सवमा सकेसम्म आधुनिक प्रविधियुक्त, गुणस्तरीय एवं जीवनयापनमा सहजता पुऱ्याउने उत्पादनलाई प्राथमिकताका साथ समावेश गराउनुका साथै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।

संरक्षक
रामपुर नगरपालिका
रामपुर, पाल्पा

रोचक, रमाइला, मन आनन्दित तुल्याउने विविध वस्तुहरूको अवलोकन, गीतसङ्गीत तथा रमाइला सांस्कृतिक प्रस्तुतिमा रमाउन पाइने, अन्य भन्दा फरक र चुस्त व्यवस्थापनका साथ संचालन हुने चौथो रामपुर महोत्सव तथा व्यापार मेलामा यहाँको आगमनको लागि हार्दिक स्वागत छ ।

आयोजक
रामपुर उद्योग वाणिज्य संघ
रामपुर, पाल्पा

सचिवालय : रामपुर न.पा.-५, बेझाँड बजार, पाल्पा फोन : ०७५-४००४६०, ९८५७०६०००१
rampurccipalpa2072@gmail.com, www.rampurcci.org.np

## सम्पादकीय

# गुणस्तरीय काम गर्ने अवसर

बुटवल-गोरूसिङ्गे सडक विस्तार कार्यको प्रधानमन्त्री केपी ओलीले शिलान्यास गरेसँगै आशा र आशंका दुवै बढेको छ। महेन्द्र राजमार्ग बनेको ६० वर्षपछि यो सडक खण्ड विस्तार हुँदैछ, यसअर्थ बदलिँदो परिवेशमा सडक विस्तार हुँदा यसले बहुआयामिक प्रभाव पार्नेछ। ठूला विकास परियोजनाले विकासको प्रतिफल दिने भएकाले समाजमा आशा जाग्नु स्वभाविक छ। नारायणगढ-बुटवल सडक विस्तारको काममा भएको ढिलाइले यो खण्डमा यात्रा गर्ने यात्रु आजित छन्। नारायणगढ-बुटवल सडक खण्डमा बेहाल भोगेका नागरिक बुटवल–गोरूसिङ्गे सडक विस्तारको काम बेलैमा हुन्छ भन्ने विश्वास गर्न सकिरहेका छैनन्।

नारायणगढ-बुटवलमा जे समस्याले ढिलाइ भयो, त्यस्तो बुटवल-गोरूसिङ्गे सडक विस्तारमा ढिलाइ हुन्न र निर्माणको क्रममा लथालिङ्ग हुन्न भनेर शिलान्यास कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्रीलेको भनेकाले निर्माणको काम व्यवस्थित हुन्छ भन्ने आशा गर्न सकिन्छ। नारायणगढ-बुटवल सडक विस्तार आयोजनामा भइरहेको कमजोरीबाट पाठ सिकेर अघि बढ्न खोज्नु सकारात्मक हो। सडक खोतलेपछि लामो समय त्यत्तिकै छाड्दा त्यसले प्रदूषण बढायो, सडकमा आवतजावत गर्नेहरुलाई सास्ती भयो। बुटवल-गोरुसिङ्गे सडक विस्तार गर्दा अहिलेको पक्की सडक खण्डलाई नचलाई दायाँ-बायाँ विस्तारको काम गरेर पक्की खोतल्ने योजना बनाएको बताइएको छ। त्यसो गर्दा सडकमा आवतजावत गर्ने सवारीसाधनलाई सास्ती हुँदैन।

चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसन र चितवनको आशिष निर्माण सेवा जेभीले १३ अर्ब ५५ करोड ९५ लाख ९६ हजार रुपैयाँमा काम पूरा गर्ने गरी गत १३ असारमा ठेक्का पाएका थिए। ठेक्का सम्झौता भएको मितिले तीन वर्षभित्र सडक निर्माण सक्ने सम्झौता छ। आयोजनाका अनुसार, सडक विस्तार भएपछि शहरी क्षेत्रमा ५० मिटर चौडा र ६ लेन, शहरोन्मुख क्षेत्रमा ३७ दशमलव ४ मिटर र जंगल क्षेत्रमा २४ मिटर चौडा चार लेन कायम हुनेछ। ५० किलोमिटर सडक खण्ड दुई चरणमा २५-२५ किलोमिटरमा विभाजन गरी विस्तार गर्न लागिएको हो। पहिलो चरणका लागि ७ अर्ब ८९ करोड ४३ लाख र दोस्रो चरणका लागि ५ अर्ब ६६ करोड २२ लाखमा ठेक्का लागेको छ।

यो सडकमा गाडी गुडाउन मिल्ने ६ वटा अण्डरपास, पैदल यात्रुका लागि १२ वटा अण्डर पास र ११ वटा ओभरहेड ब्रिज तथा वन्यजन्तु वारपार गर्ने ठाउँमा १९ वटा अण्डर पास बनाइने छ। मूलतः वन्यजन्तुमैत्री सडक पूर्वाधारमा बेवास्ता भइरहेका बेला यो सडकलाई वन्यजन्तुमैत्री बनाइँदैछ। वन्यजन्तु ओहोरदोहोर गर्न बनाइने अण्डरपास वन्यजन्तु हिड्न मिल्ने बनाउनका लागि खबरदारी गर्नुपर्छ। कतिपय अण्डरपास वन्यजन्तुका लागि उपयुक्त नभएको भन्दै आलोचना भइरहेका बेला यहाँ बन्ने अण्डरपास साँच्चिकै वन्यजन्तुमैत्री हुने अपेक्षा गर्न सकिन्छ।

सडक विस्तारकै लागि सडक किनारमा रहेका करिब सात हजार बढी रूख काट्ने तयारी छ। हर्केका रूख काटेपछि यस्तै खालका रूखका बिरूवा चुरेको वन क्षेत्रमा लगाउने अभियान चलाउनुपर्छ। पूर्वाधार विकासका क्रममा सडक किनारमा रहेका वर, पीपल मास्दै जाने, तर वर र पीपल नलगाउने प्रवृत्तिले सन्ततीले वर, पीपल देख्नै नपाउने अवस्था आउन दिनु हुन्न।

नारायणगढ-बुटवल सडकले दिएको सास्तीलाई बिर्साउने गरी काम भयो भने सडक पूर्वाधार विकास यसरी गर्न सकिन्छ भन्ने रोलमोडल बन्न सक्छ, यो सडक। सरकारी निकाय, निर्माण कम्पनी र समुदायको साझा पहलकदमीबाट नै बेलैमा गुणस्तरीय सडक निर्माणको काम संभव छ।

# जलवायु कूटनीति र सगरमाथा संवाद



एकराज पाठक



हिन्दुकुश हिमालय पर्वत श्रृंखला दिनप्रतिदिन संकटमा परिरहेको छ। केही समययतादेखि यस भूगोलको प्रकृतिले नै आफ्नो अस्तित्व जोगाइराख्न सङ्घर्ष गरिरहेको छ। सो क्षेत्रका नेपालसहितका हिमालको विशेषता नै बाह्रैमास सेताम्मे भएर रहने हो तर पछिल्ला वर्षमा यो स्वरूप ह्रासोन्मुख छ। हिउँ पग्लँदै गइरहेको देख्दा लाग्छ, विश्वमा बढ्दो तापमानले हाम्रा हिमाललाई नै बढी तारो बनाएको छ। यसबाट नेपाल र नेपाल जस्तै पर्वतीय देश प्राकृतिक प्रकोपको सिकार बन्दै गएका छन्।

**जलवायु कूटनीति र जलवायु न्याय**

अहिले विश्वमा कूटनीतिका विविध परिभाषा र परिवेशको विकास हुँदै गएको छ। समय र परिस्थिति अनुरूप दुनियाँमा कूटनीतिका फरक आयाम विकसित छन्। आफ्नो देशको चासो, राष्ट्रिय हित र प्रतिफलमा आधारित रहेर नै कूटनीतिको मापन गर्ने गरिन्छ। परिवर्तित विश्वमा नयाँ विषय, अवस्था र परिस्थितिको विकास भएसँगै परराष्ट्र सम्बन्धका आयाममा पनि विविधता थपिँदै जानु स्वाभाविकै हो। यस कारण परराष्ट्र सम्बन्ध बहुआयामिक र थप विस्तृत हुँदै पनि गइरहेको छ। अहिले विश्वमा नयाँ आयामको विकास भएसँगै परम्परागत कूटनीतिक दायरालाई पनि थप फराकिलो बनाउने प्रयत्न पनि गर्ने गरिएको छ। हाम्रो भौगोलिक अवस्थिति, भूराजनीतिक परिवेशको विशिष्टताका कारण पनि हामीले समयानुकूल कूटनीतिका आयामको विकास र विस्तार गर्नु पर्छ। श्रम कूटनीति, पर्यटन कूटनीति, ऊर्जा कूटनीति आदि हाम्रा उदाहरण हुन सक्छन् विकसित कूटनीतिक अभ्यासका। विश्वमा विकास हुँदै गएका नयाँ आयामसँग जोडिनका लागि हामी पनि परम्परागत कूटनीतिक वृत्तबाट माथि उठ्नु पर्छ।

यही परिवेशमा गर्नुपर्ने विषय जलवायु कूटनीति पनि एक हो। नेपालले अबका दिनमा जलवायु कूटनीतिलाई थप सशक्त बनाउनुपर्ने जरुरी देखिन्छ। अब जलवायु कूटनीतिको फैलावट हाम्रा लागि अति आवश्यक छ। हामीले स्थान पाउने क्षेत्रीय, अन्तर्राष्ट्रिय या विश्वमञ्चमा जलवायु परिवर्तनका कारण हामीमाथि परेको असरका कुरालाई राख्न छोड्नु हुँदैन। यी स्थानमा हामीले राख्ने हाम्रा आवाजबाट नै हाम्रो समस्या र अवस्था विश्व जगत्मा पुग्न सक्छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेस गत वर्ष नेपाल आउनुभयो। उहाँले नेपालका हिमाली क्षेत्रको भ्रमण पनि गर्नुभयो। आफैँले सामाजिक सञ्जालमा यसै गरी नेपालका हिमाल पग्लँदै जाने हो भने भोलिको पुस्ताको अवस्था के होला भन्न सकिन्न भन्ने सन्देश भिडियोमार्फत नै दिनुभयो।

त्यस भ्रमणलगत्तै युएइमा कोप सम्मेलन भयो। त्यहाँ उहाँले नै नेपालको अवस्थाका बारेमा दर्शाउनुभएको थियो। हाम्रो अवस्था र समस्याका बारेमा राष्ट्रसङ्घका महासचिवले नै विश्व समुदायलाई भनिदिनु जलवायु कूटनीतिको एक महत्वपूर्ण आयाम पनि हो। यसको प्रभावकारिताका बारेमा भने हामी खरो उत्रिन सकेका छैनौँ। हाम्रो नै आवाज सुनिएको यो सम्मेलनपछि हामीले पीडितका रूपमा पाउनुपर्ने क्षतिपूर्ति कति पायौँ त ? हाम्रो आवाज विश्वमञ्चमा त पुग्यो तर पनि त्यसबमोजिमको सम्बोधन हामीलाई भएको छ कि छैन ? यो नै अब अघि बढाउनुपर्ने जलवायु कूटनीति हो। जे विषय र कारणले हामी पीडित छौँ, त्यसका लागि हाम्रो आवाज कूटनीतिक रूपमा बुलन्द पार्न सक्नु र पीडितका पक्षमा परिस्थितिको सशक्त वकालत गर्न सक्नु नै जलवायु कूटनीति हो। त्यसैले जलवायु कूटनीतिको विषयलाई प्राथमिकतामा राखेर परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले आगामी दिनमा मन्त्रालय अघि बढ्ने योजना बनाएको बताइरहनु भएको छ।

नेपालले यसै विषयमा अन्तर्राष्ट्रिय अदालत (आइसिजे) मा आफ्नो उपस्थिति दर्शाएको छ। जलवायु परिवर्त नले नेपाललाई परेको असर र पाउनुपर्ने क्षतिपूर्तिका बारेमा नेपाल गत डिसेम्बरमा अदालतमै उपस्थित भएर न्याय मागेको हो। नेपालले यसरी अन्तर्राष्ट्रिय अदालतमा उपस्थित भएर जलवायु न्यायका लागि आफ्नो दाबी पेस गरेको यो पहिलो पटक पनि हो। जलवायु परिवर्तनको वर्तमान अवस्था र यसका कारण नेपालमा परेको असर दर्शाउँदै मन्त्री डा राणाले नेपालले पाउनुपर्ने क्षतिपूर्तिका आधार प्रस्तुत गर्दै न्यायका लागि दाबी पेस गर्नुभएको हो।

सो अदालतमा मन्त्री डा. राणाले नेपाललाई नखाएको विष कसरी लागेको छ भन्ने विषयको फेहरिस्त नै प्रस्तुत गर्नुभएको थियो। विश्वका धनी तथा विकसित मुलुकले कार्बन उत्सर्जन गर्दा नेपाल जस्ता मुलुक समस्यामा परेका छन्। जलवायु परिवर्तनको कारकका रूपमा जुन देशको कुनै पनि योगदान छैन अर्थात् हामीले उत्सर्जन गर्ने कार्बनको मात्रा अति नगण्य छ तिनै देशले अहिले अस्वाभाविक असर बेहोर्नु परेको र यसका कारण नेपाल दोहोरो मारमा परेको दृष्टान्त नेपालले पेस गरेको थियो।

प्राकृतिक रूपमा पारिस्थितिकीय प्रणाली कायम गरी जलवायु सन्तुलन गर्न नेपालका उच्च पहाड र हिमालको योगदान विशेष छ। यहाँका अधिकांश नदीकै स्रोतसमेत रहेका हिमाल हिजोआज दिनप्रतिदिन कालापत्थरमा परिणत भइरहेका छन्। एकातिर यसले स्थानीयको पानीको स्रोत बन्द गर्दै लगेको छ भने अर्कातर्फ यो नै प्राकृतिक विपत्तिको कारण बन्न थालेको छ। अहिलेकै अनुपातमा हिउँ पग्लँदै जाने हो भने हिमालयन हिन्दकुश क्षेत्रका हिमनदीले यो शताब्दीको अन्त्यसम्ममा ८० प्रतिशतसम्म हिउँ गुमाउन सक्ने अनुसन्धान आउन थालेका छन्। यसले उच्च पहाडी क्षेत्रमा बाढीपहिरोसहितको विपत् कति निम्त्याउला ? अहिले नै भन्न सकिने अवस्था छैन।

**सगरमाथा संवाद**

नेपालले आगामी विसं २०८२ को जेठ २ देखि ४ गतेसम्म काठमाडौँमा सगरमाथा संवादको आयोजना गरेको छ। यसको घोषणा हालै मात्र प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुभयो। यसअघि नै नेपालले यस कार्यक्रमको अवधारणा अघि सारेर तयारी थालेको थियो। कोभिड-१९ महामारीले यो स्थगित भएको हो। हाम्रो माटो र मर्मका कारण अति आवश्यक देखिएको यो सगरमाथा संवाद कार्यक्रमलाई हामीले विश्वव्यापी र क्षेत्रीय महत्वको विषयका साथ केन्द्रित गर्नुपर्ने आवश्यकता छ। सगरमाथा संवाद घोषणा समारोहमा पनि प्रधानमन्त्री ओलीले यस कार्यक्रमलाई विश्वव्यापी बनाइने र यसबाट जलवायु परिवर्तनको न्यायका क्षेत्रमा समझदारी र सहयोगलाई बढावा दिइने पनि बताउनुभयो। उहाँको आसय यस्तो संवाद साझा हित र मानव जातिको सामूहिक कल्याणका लागि हो। यो भावनालाई हामीले हामी मात्र नभएर विश्वमा हामी जस्तै जलवायु परिवर्तनको चपेटामा परेर न्यायको याचना गरिरहेका देशकै घरआँगनसम्म पुऱ्याउन सक्नु पर्छ। यसबाट एकातर्फ हामी सगरमाथाको फेदीबाट हामीले सबैको न्यायको आवाज बुलन्द पार्न सघाउने छौँ भने अर्कातर्फ यो संवादको मूल विषय 'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' मा नै केन्द्रित हुने भएकाले हाम्रै लागि हाम्रो आवाजलाई विश्वमै पुऱ्याउन सक्ने छौँ।

नेपाललाई चिनाउने विश्वको सबैभन्दा अग्लो शिखरका नाममा गरिने यो संवाद अर्थपूर्ण छ। यसले एकातर्फ नेपालले दिएको यो नामकै अर्थ छ भने अर्कातर्फ विषयको अन्तरवस्तुसँग पनि यो जोडिएर आएको छ। किनभने जलवायु परिवर्तनको पहिलो असर र सिकार हुने भनेको हिमाल र पहाड नै हो। हिमालले जसरी संसारको पारिस्थितीकीय प्रणालीमा योगदान दिइआएको छ, त्यसको मात्रामा कमी आउना साथै पृथ्वीको मात्र नभएर ब्रह्माण्डकै चक्रीय प्रणालीमा नै धावा बोल्न सक्छ। सरसर्ती हेर्दा हिमालसँग मानिसको साइनो त्यहीँबाट उत्पत्ति भई बग्ने नदीसँग समेत जोडिन्छ। हिमालसँग मानिस र समग्र चराचर जगत्को आश्रय र निर्भरता अलौकिक छ। पानीबिनाको जिन्दगानी कल्पना गर्न नसकिए जस्तै हिमालबिनाका नदीनाला पनि कल्पनामा कमै मात्र आउँछन्। त्यसैले सगरमाथा संवादले जलवायु परिवर्तनको प्रभाव र असर बारेका बहस चलाइरहँदा त्यहाँनेर धेरै दोहोरिने शब्दावली भनेकै हिउँ र हिमाल नै हो। यो कार्यक्रमको नामले हिमाल पग्लिरहेको अवस्थाको जानकारी राम्रैसँग दिने भएकाले कार्यक्रमको नाम नै सन्देशमूलक छ।

अहिलेको विश्वको एक प्रमुख चुनौती बनिरहेको जलवायु परिवर्तनको समाधानका लागि तत्कालै प्रभावकारी कदम चाल्नुपर्नेमा विश्वका नेताले आफ्ना सम्बोधनमा जोड दिने गरेका छन्। यसको असरबाट विश्वका अतिकम विकसित, भूपरिवेष्टित, साना टापु राष्ट्रलगायत बढी समस्यामा परिरहेकाले समाधानमा विश्वका विकसित देशले ती देशलाई प्रतिबद्धताबमोजिमको सहयोग उपलब्ध गराउनुपर्नेमा उनीहरूको जोड रहने गर्छ तर पनि प्रतिबद्धता गरिएबमोजिमको सहयोग र क्षतिपूर्ति भने सम्बद्ध देशबाट सरोकारवालासम्म पुग्न सकिरहेको छैन। पछिल्लो समयमा हरेक देशका सम्भावना र भविष्यमाथि नै जलवायु परिवर्तनले धावा बोलिरहेकाले समाधानका लागि सबै पक्ष लाग्नु पर्छ।

जसलाई तिर्खा लाउँछ, उही खोली धाउँछ भने जस्तै विश्वमा कार्बन उत्सर्जन गर्ने विश्वका धनी राष्ट्रको दायित्वलाई सम्झाउन, झस्काउन र दायित्वबोध गराउन हामी जस्ता पीडित राष्ट्र नै लाग्नु पर्छ। यसमा सगरमाथा संवाद जस्ता कार्यक्रम बलिया विधि बन्न सक्छन्। त्यसबाहेक बढी सिकार भइरहेका र भोलिका दिनमा अझ बढी समस्यामा पर्न सक्ने देशले पनि ऐक्यबद्धता भएर आफ्ना पहल र प्रयासलाई अघि बढाउनु पर्छ। यसैमार्फत् नेपालले जलवायु कूटनीतिको प्रभावकारितालाई संसारमा फैलाउन सक्ने गरी कार्यक्रम पनि तय गरिनु पर्छ।

गोपबाट

# अदुवाको महत्व : सुन्दरतादेखि रोग निको पार्नेसम्म

मौसम परिवर्तन भएसँगै रोगहरुको खतरा पनि बढ्न थाल्छ। ज्वरो, सर्दी-खोकी, शरीर दुख्ने, खाना अपच हुने, वान्ता हुने जस्ता रोग सामान्य हो। यस अवस्थामा तपाईको भान्छामा केहि यस्ता सामानहरु हुन्छ, जुन औषधि भन्दा कम हुन्न र त्यो हो बेसार र अदुवा। बेसार र अदुवालाई आयुर्वेदमा पनि औषधिको रुपमा प्रयोग गर्ने गरिन्छ। "हलेदो र अदुवा" को आयुर्वेदमा पनि निकै नै महत्व छ।

गुणै गुणले भरिपूर्ण बेसार सुन्दरता बढाउनका लागि हामीले बेसारको प्रयोग गर्ने गर्छौं, तर वेसार हाम्रो शरीरमा हुने विभिन्न रोगहरुका लागि रामवाण हुन्छ। १. बेसारमा करक्यूमिन नामक रासायन पाइन्छ , जुन औषधिको काम गर्छ र यसले शरीर सुन्निने समस्यालाई कम गर्नमा मद्दत गर्छ।

२. बिहानै उठेर मनतातो पानीमा बेसार मिसाएर पिउनाले दिमागको लागि राम्रो हुन्छ। बेसार एक शक्तिबर्धक एन्टीअक्सीडेन्ट हो जसले क्यान्सर बढाउने कोषहरु सँग लड्ने गर्छ। अध्ययनका अनुसार बेसार नियमित खानामा राखि सेवन गर्नाले पित्त धेरै बन्ने र खाना सजिलै पचाउनमा मद्दत गर्छ।

३. बेसार हालेको पानी पिउनाले रगत जम्दैन र रगत सफा गर्नमा पनि यसले मद्दत गर्छ।

४. बेसार जलनरहित, एन्टीफँगल, एन्टीव्याक्टेरियल र एन्टीभाइरल गुणले भरिपूर्ण हुन्छ। रोगहरुलाई निको पार्ने एक औषधि अदुवा अदुवाको काम चियाको स्वाद बढाउनु मात्रै होइन, यसको प्रयोग विभिन्न रोगहरुमा पनि गर्न सकिन्छ। अदुवामा भिटामिन ए, सी, ई र बि-कम्प्लेक्स पाईन्छ। साथै यसमा म्याग्नेशियम, फस्फोरस, आइरन, जिंक, क्याल्शियम र बीटा-क्यारोटीन पनि पर्याप्त मात्रामा पाईन्छ।



**चियामा अदुवाको प्रयोगले हुन्छ यस्ता फाइदा :**

१. चियामा अदुवाको प्रयोगले रक्त सञ्चालनमा गति आउँछ।

२. यसले शरीर र टाउको दुखाईमा राहत दिलाउने काम गर्छ।

३. महिनावारीको समय हुने दुखाईमा पनि राहत हुन्छ।

४. यसले रोगसँग लड्ने प्रतिरोधात्मक क्षमतालाई बढाउनमा मद्दत गर्छ।

५. श्वाससम्बन्धी रोगमा पनि फाइदा हुन्छ। एजेन्सी

# नेप्से परिसूचमा १०.४१ अंकको गिरावट

काठमाडौं। सेयर बजार परिसूचक (नेप्से) आइतबार १०.४१ अंकले घटेर २६४३.९३ अंकमा झरेको हो। बजारमा ९ अर्ब १२ करोड बराबरको कारोबार भयो।

गत बुधबार सेयर बजार एकैदिन ५२ अंकले बढेको थियो। बिहीबार ११.१० अंकले करेक्सन भएको बजारले आइतबार समेत करेक्सनलाई निरन्तरता दिएको हो।

बजारमा १२१ कम्पनीको मूल्य घटेको छ। ११६ कम्पनीको मूल्य बढ्दा १० कम्पनीको मूल्य स्थिर रहेको छ। फाइनान्स र उत्पादनमूलक समूहको परिसूचक सबैभन्दा धेरैले घटेको छ। विकास बैंक, माइक्रोफाइनान्स, हाइड्रोपावर लगायत सूचक बढेको छ। बजारमा २ कम्पनीको मूल्यमा सकारात्मक सर्किट लाग्दा एनआइसी एशियाको डिबेञ्चरसहित चार सेयर स्क्रिपको मूल्यमा नकारात्मक सर्किट लागेको छ।

बजारमा सप्तकोशी डेभलपमेन्ट बैंक, नेपाल पुनर्बीमा कम्पनी, एनआरएन इन्फास्ट्रक्चरलगायतको सबैभन्दा धेरै कारोबार भयो। कारोबार भएको सेयर संख्याको आधारमा पुनर्बिमा कम्पनी र कारोबार संख्याको आधारमा हिमालयन रिइन्स्योरेन्स अघि देखिएका छन्।

**महिला...**

अघिल्लो कार्यकालका महिला उपाध्यक्षहरुसँग पनि घन्टौ कुराकानी गर्दै आइडियाहरु लिने गरेको उनले बताउँछिन् ।

स्थानीय तहका महिला जनप्रतिनिधि तथा महिला उपाध्यक्षले आफ्नै अधिकार प्रयोग गर्न किन नपाएका हुन् त ? महिला उपाध्यक्षहरु आफू महिला भएकै कारण यस्तो भएको बताउँछन् ।

नेतृत्व तहमा पुरुष भएका कारण पनि महिलाका कुरा नसुनिने उनीहरुको दाबी छ । नौ बहिनी गाउँपालिका उपाध्यक्ष विस्ना थापाले महिला जनप्रतिनिधिले जिम्मेवारीअनुसार काम गर्ने वातावरण बनाउन नेतृत्वमै महिला सहभागिता अनिवार्य गरिनु पर्ने वडाध्यक्षदेखि पालिका प्रमुखसम्म महिला हुनु पर्छ । 'यिनीहरुलाई केही थाहा हुँदैन, केही गर्न सक्दैनन्, कमजोर हुन्छन् भन्ने सोंच पुरुष मानसिकताबाट हट्नै पर्छ ।'-

उनले भनिन् । पद र भूमिका जे भए पनि महिलाका कार्यक्रमहरु एवं मेरा योजना नस्वीकारिने उनको दाबी छ । 'वडाध्यक्ष, गाउँपालिका अध्यक्ष र कर्मचारी सबै पुरुष नै हुन्छन्, उनीहरुकै बहुमत भइहाल्छ । हामी महिलाहरु बोल्ने मात्रै हो, हाम्रो कदर नै छैन् ।'-उपाध्यक्ष थापाले भनिन् ।

उता सरुमारानी गाउँपालिकाकी उपाध्यक्ष बसन्ता खड्काको अवस्था पनि उस्तै छ । महिला जनप्रतिनिधिलाई काम पुरुषलाई जति सहज छ, त्यसअनुसार महिलालाई वातावरण नभएको बताउँछिन् । मैले ल्यायका कार्यक्रम तथा एजेण्डाहरु पर्दै नपर्ने त होइन ।' उपाध्यक्ष खड्काले भनिन् -'पुरुषकै बहुमत भएकाले उनीहरुकै कोल्टोमा निर्णयहरु हुने गर्दछ ।

हामीले त माग राख्ने मात्रै हो ।' खड्काले आफ्नो कार्यक्षेत्रलाई पनि हस्तक्षेप गर्न खोजिने हुँदा सधैं चनाखो हुने र आफ्नो क्षेत्राधिकारलाई ध्यान दिने गरेको बताउँछिन् । बजेट निर्माण मात्र होइन, योजना अनुगमन र न्यायिक समितिका काममा पनि महिला जनप्रतिनिधिले भूमिकाअनुसार काम गर्न पाएका छैनन् । वसन्ता भन्छिन्-'योजना अनुगमनका कतिपय काम अध्यक्ष र हाकिमले पनि गर्नुहुन्छ । फाइल चाही हेर्छु ।' खड्का महिला जनप्रतिनिधिलाई देखाउनको लागि मात्र सहभागी गराएको हो भन्ने खालको सौंच सबैको दिमागबाट हट्न नसक्दा हरेक क्षेत्रमा समस्या रहेको बताउँछिन् ।

स्थानीय सरकार सञ्चालन ऐनले उपाध्यक्ष वा उपप्रमुखलाई न्यायिक समितिको संयोजक भइ काम गर्ने, गैरसरकारी संघ संस्थाका क्रियाकलापको समन्वय गर्ने, उपभोक्ताहित संरक्षणसम्बन्धी कार्यको समन्वय गर्ने, योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने मुख्य जिम्मेवारी तोकेको छ । यससँगै अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने, सभा र कार्यपालिकाद्वारा गठित समितिहरुको काममा सहजीकरण र समन्वय गर्ने जिम्मा भनिएको छ । तर महिला उप-प्रमुख वा उपाध्यक्ष भएका स्थानीय तहमा यस्तो काम धेरै प्रमुखले नै गरेको भुक्तभोगीहरु बताउँछन् ।

**दुईवटा वडाको अध्यक्षमा महिला**

प्यूठानमा ६४ वडाहरुमध्ये २ वटा वडामा महिला जनप्रतिनिधिले वडाध्यक्षको नेतृत्व गरिरहेका छन् । ती हुन् प्यूठान नगरपालिका १ र सरुमारानी गाउँपालिका ५ मा निर्वाचित वडाध्यक्ष ।

'मेरो हकमा महिला भएकै कारण खासै हस्तक्षेप गरेर जस्तो महसुस त भएको छैन,' सरुमारानी ५ की वडाध्यक्ष लक्ष्मीपल्ली मगरले भनिन्-'हाम्रो वडामा महिलाकै बहुमत भएकोले हरेक कुरामा हामी एकजुट भएर काम गर्ने गरेका छौं ।

तर आफू महिला भएर होला महिला सदस्यहरुले खुलेरै आफ्ना कुराहरु राख्ने गर्नु हुन्छ, हामी साथी-साथीको जस्तो व्यवहार गर्छौं ।' वडाको कार्यवहाकको जिम्मेवारी पनि महिलालाई नै दिने गरेको उनले बताइन ।

'महिलाको पक्षमा राखेका एजेण्डाहरुको खासै सुनुवाइ नहुने, सम्बोधन नहुने समस्या त छ नै,' प्यूठान नगरपालिका १ का वडाध्यक्ष साधना रावतले भनिन्-'यदि मेयर, उपमेयर मध्ये एक जना महिला भएको भए हाम्रा एजेण्डाहरुले स्थान पाउने थियो ।'

स्थानीय तह निर्वाचन ऐनले स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष, उपाध्यक्षमध्ये एक महिला हुने कल्पना गरेको छ । यहीअनुसार स्थानीय तह निर्वाचन २०७३ ले यौटै राजनीतिक दलबाट प्रमुख र उपप्रमुख पठाउँदा एक महिला हुनुपर्ने व्यवस्था गर्यो । प्यूठान जिल्लामा नौ स्थानीय तह छन् । स्थानीय निर्वाचन २०७४ मा तहबाट सात जना उपाध्यक्ष र उपप्रमुख महिला थिए । दलहरु गठबन्दन गरेर चुनावमा होमिएपछि स्थानीय निर्वाचन २०७९ मा महिला उपाध्यक्ष घटे ।

अहिले २ वटा स्थानीय तहहरुमा मात्र महिला जनप्रतिनिधि उपाध्यक्ष पदमा निर्वाचित भएका छन् । ती नौ बहिनी गाउँपालिका उपाध्यक्ष विस्ना थापा र सरुमारानी गाउँपालिका उपाध्यक्ष बसन्ता खड्का हुन् । स्थानीय तहमा अर्को कार्यकारी पद हो, वडाध्यक्ष । २०७९ को स्थानीय तहको निर्वाचनमा देशभरका निर्वाचित महिला प्रतिनिधिको संख्या १४ हजार ४६६ छ । २५ पालिकाको नेतृत्वमा महिला छन् ।

**महिलाप्रतिको कमजोर मनोविज्ञान हट्नु पर्छ**

महिला अधिकारकर्मी सुन्दरा केसीले महिला जनप्रतिनिधिले अधिकार पाएनौ भन्नुभन्दा सविंधानलाई राम्रोसँग अध्ययन गरेर त्यसमा लेखिएका काम, कर्तव्य र अधिकार प्रयोग गर्न लाग्नुपर्ने बताइन । उनले भनिन्-'जनप्रतिनिधि महिला सामान्य महिला होइनन् । अधिकार खोसिएको भए चनाखो भएर लिने र राजनैतिक एवं प्रशाशनिक क्षमता अभिवृद्धि गर्न जरुरी छ ।'

स्वर्गद्वारी क्याम्पस प्यूठानका पूर्व क्याम्पस प्रमुख एवं लेखक मोहन गिरीले महिला जनप्रतिनिधिले स्वतन्त्रतापूर्वक काम गर्न कठिनाइ भोग्नु परेको अनुभव गरेको सुनाउँछन् ।

'महिलाहरूले जुन पद र जिम्मेवारी पाए त्यो सबै उनीहरूको सङ्घर्षले गर्दा पाएका हुन्,' उनले भने-'पुरुष जनप्रतिनिधिले अब लिखितमा सहभागिता गराउने, तर सक्रिय सहभागिता नगराउने परिपाटी रोक्नुपर्छ । अहिले पनि पुरुषको दाजोमा महिलाले काम गर्न सक्दैन भन्ने मनोविज्ञान पुरुषहरुमा हावी छ । यो हटाउनुपर्छ ।'

महिला इमान्दर छन् र नियम कानुनको पनि इमान्दरीताका साथ पालना गर्छन् भन्नेमा नागरिक समाज विश्वस्त छ । दलले पनि काम गर्न सक्छन् भनेरै पठाएका हुन् ।

**जब सरकारका जिम्मेवारी निकायमा गए त्यसपछि महिला जनप्रतिनिधिका भूमिकाबारे दलीय चासो कस्तो छ त ?**

नेकपा एमाले प्यूठान अध्यक्ष विजयविराज बिष्टले आफ्नो पार्टीका केन्द्रीय कमिटी, प्रदेश कमिटी, जिल्ला कमिटी र स्थानीयस्तरका कमिटीहरुमा महिलालाई ३३ प्रतिशतभन्दा बढी स्थान दिएको बताए । पदीय जिम्मेवारीसँगै महिलाहरुलाई काम गर्नका लागि सहज वातावरण बनाइदिने गरेको बताउँदै गठबन्दनले गर्दा महिला जनप्रतिनिधिको उपस्थिति कम देखिएको बताउँछन् ।

संख्यात्मक हिसाबले महिलाको उपस्थिति जति बढी भयो उति नै काम गर्न सहज हुने उनले बताए ।

२०७२ सालको संविधानले महिला अधिकारका सवालमा धेरै फराकिलो स्थान बनाउँदै आर्थिक, राजनैतिक, कानुनी अधिकारलाई प्रस्ट व्यवस्था गरेको नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक प्रभात के.सी.ले बताए ।

सोहीअनुसार निर्वाचन प्रणालीमा महिलाको सहभागिता अनिवार्य गरियो, अब सहज रुपमा नेतृत्वदायी स्थान दिनुपर्ने जरुरी रहेको संयोजक के.सी.ले बताए । १० वर्षे महान जनयुद्धले समावेशी सहभागीलाई प्रमुख मुद्दा भएको हुँदा अहिले हरेक क्षेत्रमा महिला सहभागिता त्यसैको उपलब्धि भएको उनको भनाइ छ । एउटा दलले सक्षम मानेर निर्वाचनमा पठाएपछि उनीहरुले जस्तो भूमिकामा रहेर पनि काम गर्न सक्ने के.सी.ले जनाए ।

# १६ हजार २ सय ९३ जनालाई एचपिभी खोप दिइने



परासी । पश्चिम नवलपरासीमा पाठेघर मुखको क्यान्सरविरुद्ध एचपिभी खोप अभियान सञ्चालन हुने भएको छ । जिल्लामा यही माघ २२ गतेदेखि २८ गतेसम्म पाठेघर मुखको क्यान्सरविरुद्ध एचपिभी खोप अभियान सञ्चालन हुन लागेको हो । आइतबार परासीमा जिल्लास्तरीय खोप समन्वय समितिका सदाधिकारीहरुको लागि अभिमुखीकरण, पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रममा स्वास्थ्य कार्यालय परासीले कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थी तथा विद्यालय नजाने १० देखि १४ वर्ष उमेरसम्मका किशोरीहरुलाई सो खोप लगाइनेछ ।

नवलपरासीका सात वटा स्थानीय तहमा कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थी तथा विद्यालय नजाने १० देखि १४ वर्ष उमेरसम्मका किशोरीहरुलाई सो खोप लगाइने स्वास्थ्य कार्यालयका प्रमुख गौरब ढकालले जानकारी दिए । उनको अनुसार पाठेघर मुखको क्यान्सरलाई न्यूनीकारण गर्ने उद्देश्यले यो खोप अभियान सञ्चालन गर्न लागिएको बताए ।

जिल्लामा कक्षा ६ देखि १० मा अध्यनरत १५ हजार ६ सय ६९ जना र विद्यालय बाहिर १० देखि १४ वर्षका किशोरीहरु ६ सय २४ जना गरी कुल १६ हजार दुई सय ९३ जनालाई पाठेघर मुखको क्यान्सरविरुद्ध एचपिभी खोप दिने प्रमुख ढकालले जानकारी दिए ।

जिल्लामा दुई सय विद्यालय रहेको र सो अभियानमा खोप सेसन दुई सय १ जना, खोप स्वास्थ्य कार्यकर्ता दुई सय ५ जना खटाईएको तथा स्वायसेवक तीनसय ८ जना, स्थानीय पर्यवेक्षक ७४ जना, जिल्ला पर्यवेक्षक ८ जना र पालिका पर्यवेक्षक ७ जना खटाइने स्वास्थ्य कार्यालयका खोप अधिकृत भेषराज शर्माले जानकारी दिए ।

जिल्लास्तरीय खोप समन्वय समितिका सदाधिकारीहरुको लागि अभिमुखीकरण पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी युवराज अर्याल, जिल्ला समन्वय समितिका प्रमुद भगौती यादव, नेपाल पत्रकार महासंघका अध्यक्ष केशव पराजुलीलगायतले खोप अभियानलाई सफल बनाउन आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न अग्रह गरेका थिए ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

मिति २०७९/०४/१३ गते दर्ता नं. २९४८५१ मा दर्ता भएको टायल्स संसारप्रा.लि.को मिति २०८१/०५/२८ मा सम्पन्न विशेष साधारण सभा तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/२८ को निर्णय अनुसार कम्पनीको सम्पुर्ण दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने गरि उक्त कम्पनीको नाम बाथवेयर संसार प्रा.लि. (Bathware Sansar Pvt. Ltd.) कायम गरिएकोले सोहि व्यहोरा सम्बन्धित सवैको लागी सूचित गरिन्छ ।

## बिमालेख हराएको सूचना

मिति २०८१ पौष ०५ गते बुटवल देखी भैरहवा जाने क्रममा मेरो सानिमा रिलाईन्स लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमा लेख नं.५०३०००००३०१ हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा नेपाललाईफ इन्स्योरेन्स कार्यालयमा बुझाईदीनु हुन अनुरोध छ ।

**नाम** : शंकर ज्ञवाली
**ठेगाना** : बुटवल-११, कालिकानगर, रुपन्देही
**सर्म्पक नम्वर** : ९८६७११७८१२

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना ।

यस कम्पनीले चिनबाट पैठारी गरेको देहाएको माल वस्तुको अधिकतम खुद्रा मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | वस्तुको विवरण | ब्राण्ड | उत्पन्न मुलुक | ईकाई | MRP |
|---|---|---|---|---|---|
| 1 | 75 Inch Led Smart Tv | Evolution | China | Set | 1,86,188/– |
| 2 | 85 Inch Led Smart Tv | Evolution | China | Set | 3,38,339/– |
| 3 | 100 Inch Led Smart Tv | Evolution | China | Set | 5,07,203/– |

**बिक्रेता फर्मको नामः छत्रदेव इन्टरनेशनल ट्रेडर्स**
**ठेगानाः बुटवल, रुपन्देही**
**Exim Code Number: 1215759550144-NP**

**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project- Arghakhanchi**

## Invitation for Bids (IFB)

Date of Publication: 01/27/2025(BS- 2081-10-14)

Federal Water Supply and Sewerage Management Project- Arghakhanchi, invites electronic bids to the eligible bidders forfollowing works/supply under National Competitive Bidding.Interested bidders should submit only online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp on or before 27/02/2025,12:00

| S. N. | Contract No. | Description of Works | Estimated cost without VAT with PS (NRs) | Bidding Prices (NRs) | Bid Security (NRs) | Last date of bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 01-081/82/Works/ RP/FWSSMP- Arghakhanchi | Construction of Rajiya Water Supply Project, Shitganga-12, Arghakhanchi | 9,469,203.54 | 3,000.00 | 2,70,000.00 | 27/02/2025 12:00 Hrs |
| 2 | 02-081/82/ Goods/FWSSMP- Arghakhanchi | Supply and Delivery of PE-100 HDPE PIPE for Arghakhanchi District | 4,911,967.73 | 3,000.00 | 1,30,000.00 | 27/02/2025 12:00 Hrs |
| 3 | 03-081/82/ Goods//FWSSMP- Arghakhanchi | Supply and Delivery of GI Pipe and fittings for Arghakhanchi District | 4,273,070.93 | 3,000.00 | 1,10,000.00 | 27/02/2025 12:00 Hrs |

The detail notice can be assessed from www.bolpatra.gov.np/egp.

**Project Chief**

**मध्यविन्दु नगरपालिका नवलपरासी (ब.सु.पू)द्धारा जारी गरिएको**

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१४**

मालपोत कार्यालय कावसोती नवलपरासी (ब.सु.पू) को चलानी नं १००० मिति २०८१/०५/१४ को प्राप्त पत्रानुसार जग्गा धनी कृष्ण बहादुर कुमालको नाउँमा दर्ता रहेको साविक तम्सरिया ७/ख कि.नं.४९१ क्षेत्रफल ०-१०-२ को जग्गा धनी प्रमाण पूर्जा तत्कालिन देवचुली सहकारी संस्था लि. च.नं.६९० मिति २०५०/०२/२० को पत्रबाट रोक्का देखिएको हुनाले उक्त जग्गा फुकुवा गर्नुपर्ने हो वा होइन खुलाई पठाई दिनुहुन भनी लेखी आएको हुनाले मध्यविन्दु नगरपालिकाको कार्यालय चोरमाराबाट च.न. ११६७ मिति ०८१/०६/०६ मा वडा नं १३ को कार्यालय मैनाघाटलाई सत्य तथ्य बुझी जग्गा धनी पूर्जा फुकुवा गरी दिदा पछिसम्म फरक पर्छ पर्दैन भनी पत्र पठाईएको र वडा कार्यालयको च.नं. ४४२ मिति २०८१/०९/०३ गतेको वडा सिफारिस र वडा सर्जमिन मुचुल्का समेत नगरपालिकामा दर्ता भई उक्त सिफारिस पत्र र वडा सर्जमिन मुचुल्काबाट कृष्ण बहादुर कुमाललाई जग्गा धनी पूर्जा फुकुवा सिफारिस गरिदिनु भनी लेखी आएको हुनाले मध्यविन्दु १३ निवासी चुरे कुमालको नाती चुङ्गत कुमालको छोरा कृष्ण बहादुर कुमालको नाउँमा दर्ता रहेको साविक तम्सरिया ७/ख कि.नं.४९१ क्षेत्रफल ०-१०-२ को जग्गा धनी प्रमाण पूर्जाबाट बैंक तथा वित्तीय संस्था, सहकारी संस्था कहाँबाट कति पैसा ऋण लिएको थियो र लिएको भए तिर्नुपर्ने रकम चुक्ता भए नभएको आधिकारिक प्रमाण फेला नपरेको हुनाले हाला उक्त देवचुली सहकारी संस्था संचाालनमा नरहेको र त्यसका संचालक समेत सम्पर्कमा नभएकोले कृष्ण बहादुर कुमालसँग लिनुपर्ने रकम भएमा सम्बन्धित सरोकारवालाहरुलाई हकदावी सम्बन्धी आधिकारिक प्रमाण सहित सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र मध्यविन्दु नगरपालिकाको कार्यालय, वडा नं १३ को कार्यालय मैनाघाट, वडा नं.७ को कार्यालयमा निवेदन पेश गर्नुहुन हकदावी सम्बन्धी सूचना प्रकाशित गरिएको छ । अन्यथा जग्गा धनी प्रमाण पूर्जा फुकुवाका लागि मालपोत कार्यालय कावासोतीमा सिफारिस गरिने व्यहोरा जानकारी गरिन्छ ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# 'लुम्बिनी प्रदेशका नाकाबाट ब्यापक चोरी तस्करी'

बुटवल । प्रतिनिधिसभाको अर्थ समिति सभापतिसहितका सदस्यहरुले लुम्बिनी प्रदेशका भन्सार नाका र सीमा क्षेत्रको अवलोकन, अध्ययन र निरीक्षण गरेका छन् । बाँकेको जमुनाहा नाकादेखि पश्चिम नवलपरासीको सुठौली भन्सार नाकासम्म निरीक्षण गरेका हुन् । हाल समितिमा विचाराधीन रहेको भन्सार विधेयकलाई मूर्तरुप दिन संसदीय समितिले सीमा क्षेत्रको निरीक्षण गरिरहेको छ। लुम्बिनी प्रदेशका नाकाहरु निरीक्षण गरेको समितिले खुल्ला सीमानाको फाइदा उठाउँदै ब्यापक चोरी तस्करी भइरहेको जनाएको छ।

आइतबार लुम्बिनी प्रेस क्लब, रुपन्देहीले भैरहवामा गरेको पत्रकार सम्मेलनमा बोल्दै समितिका सभापति सन्तोष चालिसेले मुख्य भन्सार नाका र भित्री बाटाहरुबाट तस्करी भइरहेको पाइएको जनाए । 'तस्करहरुले लाइन लागेरै तस्करी गरिरहेको प्रत्यक्ष हामीले देख्यौं,' उनले भने- 'यसलाई रोक्न जरुरी छ ।' उनले उद्योगी-व्यवसायी, भन्सार अधिकृतहरु, स्थानीय, सञ्चारकर्मी सबैको सुझाव लिएर भन्सार विधेयकलाई अन्तिम रुपमा दिन नाका निरीक्षण गरिरहेको जनाए।

निरीक्षणका क्रममा धेरै सुझाव आएको जनाउँदै आफूहरुले पनि राजस्व चुहावट भएको प्रत्यक्ष देख्न पाएको बताए । समितिका सदस्य तथा सांसद सूर्य थापाले भन्सारलाई चुस्त, पारदर्शी, नाकाबाट हुँदै आएको चुहावट नियन्त्रणका उपाय लगायतलाई समितिले समेटर विधेयक बनाउने जनाए । आमनागरिक सचेत नबन्दा विना विलविजकका सामानहरु खरिदबिक्री बढीरहेको जनाउँदै थापाले सबैले खरिदमा विल लिनुपर्ने जनाए । आफूहरुले मुलुकका सबै नाकाहरुको निरीक्षण, भन्सार प्रमुखहरुसँग छलफल, स्थानीय र उद्योगी व्यवसायीको रायसुझाव लिएर मात्रै विधेयकलाई अन्तिम रुप दिने जनाउँदै अहिले अध्ययनकै क्रममा रहेको उनले बताए।

समितिका सदस्य गंगा कार्कीले मुलुकका सीमा क्षेत्रका अधिकांश नागरिक भारतीय बजारमा खरिदका लागि जाने तर विना भन्सार सामान मुलुक भित्र्याउँदा राजस्व चुहावट धेरै भइरहेको बताइन। उनले सीमा क्षेत्रको नेपाली अर्थतन्त्रको धेरै हिस्सा भारतीय बजारतर्फ गइरहेको बताउँदै यसलाई रोक्ने गरी विधेयकलाई टुंगो लगाउने जनाइन।

समितिका सभापति चालिसेसहित आठ जना सांसदको उक्त टोली मुलुकका प्रमुख भन्सार नाकाहरुको यतार्थ बस्तुस्थिति बुझ्नका लागि स्थलगत अध्ययन भ्रमण गरिरहेको हो। समितिले कतिपय ठाउँमा मिलेमतो, कतिपय ठाउँमा भन्सार, सुरक्षाकर्मी र राजस्वले चाहेर पनि चोरीतस्करी रोक्न नसकेको जनाएको छ।

राजस्व चुहावटले मुलुकको अर्थतन्त्रमा नकारात्मक प्रभाव पारिरहेकाले यसलाई रोक्न पहल गर्ने गरी कानून बनाउने समितिले जनाएको छ । यसका लागि प्रविधिमैत्री भन्सार र नाका व्यवस्थापन जरुरी रहेको समितिका सदस्यहरुले जनाएका छन् । समितिले अब मधेश प्रदेशका नाकाहरुको अवलोकन गरी त्यहाँ छलफल समेत गर्ने जनाएको छ।

रूपन्देही सुपरलिगः

# वेष्टर्न क्रिकेट क्लबलाई सफलता




भैरहवा। अभिषेश गौतमको उत्कृष्ट बलिङ र देव खनालको अलराउण्ड प्रदर्शनमा भैरहवामा जारी रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिता अन्तर्गत 'ए' डिभिजनको आइतबारको खेलमा वेष्टर्न क्रिकेट क्लब विजयी भएको छ। वेष्टर्नले जेआर क्रिकेट क्लबलाई ८ विकेटले पराजित गर्दै जित निकालेको हो।

जितका लागि पाएको १ सय ४० रनको लक्ष्य वेष्टर्नले २१ ओभर ४ बलमा २ विकेटको नोक्सानीमा १ सय ४४ रन बनाउँदै सहजै भेट्टाउँदै जित निकाल्यो। उसको जितमा देव खनालले अविजित ५५ रनको अर्धशतकीय पारी खेले।

यस्तै, रन्जित खड्काले ३३, मिर्नाल गुरुङले नटआउट २९ र भुवन पाण्डेले १८ रन बनाए। बलिङमा जेआरका विशाल भुसाल र कुशल भूर्तेलले समान १-१ विकेट लिए।

यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको जेआरले निर्धारित ४६ ओभरमा ३७ ओभर खेल्दै सबै विकेट गुमाएर १ सय ३९ रन बनाएको थियो । उसका लागि सन्दिप जोराले ६६, विशाल भुसालले १९, नविन भुसालले १४, दीलिप नाथले १३ र अनमोल थापाले १२ रन बनाए। बलिङमा वेष्टर्नका अभिषेश गौतमले १० ओभरमा १ मेर्डनसहित २८ रन खर्चेर ६ विकेट लिए। यस्तै, देव खनालले २ तथा सुझाव थापा र इशान पाण्डेले समान १-१ विकेट लिए। खेलमा अभिशेष गौतम प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगरनगरपालिकाको सह-प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले बताए।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


# कांग्रेस-एमाले प्रदेश संयन्त्रको बैठक




कपिलवस्तु । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले गरेका कामहरुको बारेमा दुई दलीय प्रदेश संयन्त्रको बैठकमा जानकारी गराएका छन्।

नेपाली कांग्रेस र नेकपा एमालेको दुई दलिय जिल्ला संयन्त्रको प्रदेशस्तरीय संयुक्त बैठकलाई कपिलवस्तुमा सम्बोधन गर्दै उनले प्रदेश सरकारले गरेका कामबाट देखिएका उपलब्धिलाई नजरअन्दाज गरेर धारणा बनाउन नहुने बताएका हुन्।

'प्रदेश सरकार बन्नुअघि र बनिसकेपछि विकासको अवस्था के थियो, एक पटक फर्केर हेरौं । अहिले गाउँ-गाउँमा भइरहेको विकासको काम प्रदेश सरकारले नै गरेको हो,' मुख्यमन्त्री आचार्यले भने-'प्रदेश सरकार नागरिकको भरोषाको केन्द्र बनिरहेको छ। विकास र समृद्धिको सारथि प्रदेश नै हो।'

योजना निर्माणदेखि कार्यान्वयन गर्ने प्रवृत्तिलाई लयमा ल्याउनेगरी सरकारले भूमिका बढाएको उनको भनाइ छ। 'अघिल्ला सरकारले टुक्रे योजना धेरै बनाए । बजेटको आकार पनि बढायो । उतिबेलाको गल्तीले अहिले समस्या परेको छ,' उनले भने-'आगामी बजेट ३३-३४ अर्बको हाराहारीमा ल्याउँदा प्रदेशले लय समात्छ।'

मुख्यमन्त्री आचार्यले चालू आर्थिक वर्षमा सरकारले पूरक बजेट नल्याउने स्पष्ट पारे। चालू आर्थिक वर्षको बजेट सहमतिका साथ आएको उनले बताए।

बैठकमा आएका सुझावहरुलाई सरकारले आत्मसात गर्दै सरकारको कामलाई गति प्रदान गर्नेगरी भूमिका बढाइरहेको बताए।

टुक्रे योजना बनाउने र उपभोक्ता समितिको नाममा कार्यान्वयन गर्दै व्यक्तिगत लाभ लिने प्रवृत्ति देखिएपछि यसखाले निर्णय लिनुपरेको मुख्यमन्त्री आचार्यको भनाइ छ।

उनले गत वर्षको दायित्व भुक्तानी गर्ने काम भइरहेको जानकारीसमेत दिए।

नेकपा एमाले लुम्बिनी प्रदेशका इञ्चार्ज पद्मा अर्याल र नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुन सहभागी बैठकमा दुइटै पार्टीका जिल्ला अध्यक्षहरुले जिल्लागत रिपोर्टिङ गरेका थिए।

बैठकमा लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरी, एमाले लुम्बिनी प्रदेशका अध्यक्ष राधाकृष्ण कँडेल, प्रदेश सरकारका अन्य मन्त्री, प्रतिनिधिसभा सदस्यलगायतको सहभागिता थियो।

# डन मोडेल एकेडेमीमा खेलकुद सप्ताह सुरु



तिलोत्तमा । तिलोत्तमा नगरपालिका ६ नयाँमिलमा सञ्चालित डन मोडेल एकेडेमीमा आइतबारदेखि खेलकुद सप्ताह सुरु भएको छ।

पाठ्यक्रमको ज्ञानसँगै विद्यार्थीहरुको अन्तरनिहित खेल प्रतिभाको प्रस्फूटन गराउने उद्देश्यले हरेक वर्ष विद्यालयले खेलकुद सप्ताह गर्दै आएको विद्यालयले जनाएको छ।

खेलकुद सप्ताहको शुभारम्भ गर्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यज्ञप्रसाद ज्ञवालीले खेल सप्ताहले विद्यालयस्तरबाटै खेलाडी उत्पादनमा सहयोग पुग्ने र भविष्यमा राम्रा खेलाडी बनेर देशलाई विश्वमा चिनाउन सकिने बताए।

विद्यालयका प्राचार्य सिताराम भट्टराईले विद्यार्थीको खेल प्रतिभा प्रष्फुटन गराउनका साथै विद्यार्थी र शिक्षकहरुलाई समूहमा मिलेर काम गर्ने संस्कारको विकास, अनुशासन र विद्यार्थीको व्यक्तित्व विकासमा समेत खेल सप्ताहले योगदान पुराउने बताए।

खेल सप्ताहअन्तर्गत यस वर्षदेखि विभिन्न विधामा अन्तर सदनात्मक रनिङ शिल्ड प्रतियोगिता समेत गराइने र त्यसमा मूल्याङ्कनको पहिलो आधार अनुशासनलाई बनाइने प्राचार्य आचार्यले जानकारी दिए।

उद्घाटन समारोहमा विद्यालयका खेलकुद विभागका प्रमुख सुमन श्रेष्ठले खेल सप्ताहअन्तर्गत आयोजना हुने प्रतियोगिताबारे जानकारी गराएका थिए भने विद्यार्थीहरुले मार्च पास र गीत तथा नृत्य प्रस्तुत गरेका थिए। खेलकुद सप्ताह माघ २० गतेसम्म सञ्चालन हुने विद्यालयका सहायक प्राचार्य सन्तोष पौडेलले जानकारी दिए।


बुद्धभूमि नगरपालिकाको अनुरोध

चिसो तथा शीतलहरको समयमा,

- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाइ, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन्।
- उनीहरुको विशेष ख्याल राखौं।
- बाक्लो र न्यानो कपडा लगाऔं।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं।

अनुरोधक :
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमान चोक, बुढ्ढी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९८५७०५९७३, ९८०७४०९८५२
सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५७०९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९५४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com